# छथर गाउँपालिका

कोशी प्रदेश, तेह्रथुम

## छथर गाउँपालिकाको राजपत्र

**छथर गाउँपालिकाबाट प्रकाशित**

**खण्डः १ संख्याः १ मितिः २०८१/१२/०९**

**भाग - २**

संविधानको धारा २२६ बमोजिम तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँसभा/कार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**सहकारी नियमावली, २०७६ लाई संशोधन गर्न बनेको नियामावली, २०८१**

***गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति : २०८१/१२/०५***

**प्रस्तावना** : छथर गाउँकार्यपालिकाको कार्यालयले बनाएकोसहकारी नियमावली, २०७६ लाई समयानुकुल बनाउन केही व्यवस्थाहरु माथि संसोधन गर्न वाञ्छनीय भएकाले छथर गाउँपालिकाको गाउँकार्यपालिकाले यो नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** क) यो नियमावलीको नाम "सहकारी नियमावली, २०७६ लाई संसोधन गर्ने नियमावली, २०८१" रहेको छ ।

ख) यो नियमावली गाउँकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

**२. मुल नियमावलीको नियम ३२ मा संसोधन** : छथर गाउँपालिकाको सहकारी नियमावली, २०७६ को नियम ३२ (क) को सट्टा देहाय बमोजिम (क) राखिएको छ :

"(क) एउटै कार्यक्षेत्र भएका, समान उदेश्य र समान प्रकृति भएका दुइ वा दुइ भन्दा बढि सहकारी संस्थाहरुलाई मर्जर प्रक्रियामा ल्याइने छ । यो नियमावली लागु भएपछि तोकिए बमोजिमको प्रक्रिया पुरा गरी मर्ज हुने सहकारी संस्थाहरुलाई एक पटक मात्र अतिरिक्त विउ पुंजी कोषको रुपमा दुइवटा सहकारी मर्ज हुँदा रु. चारलाख र ३ वटा वा सो भन्दा बढि सहकारीहरु मर्ज हुँदा रु. पाँचलाख रुपैया गाउँपालिकाबाट उपलब्ध गराइनेछ ।"

आज्ञाले
अशोक पराजुली
प्रमुख प्रशासकीय अधिकृत